# नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## पश्चिमाञ्चल विकास क्षेत्रको आ.व. २०७२/७३ को अर्धवार्षिक प्रगति समीक्षा गोष्ठी
## प्रेस विज्ञप्ति

मिति २०७२ साल माघ ५ गते मंगलबारका दिन माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापाज्यूको प्रमुख आतिथ्यता तथा मन्त्रालयका सचिव श्री माधव प्रसाद रेग्मीज्यूको अध्यक्षतामा पश्चिमान्चल विकास क्षेत्रस्तरीय चालू आ.व. ०७२।७३ को अर्धवार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा पश्चिमान्चल विकास क्षेत्रका जिल्ला विकास समिति, नगरपालिका तथा जिल्ला प्राविधिक कार्यालयका प्रमुखहरुबाट समीक्षा अवधिमा सम्पन्न भएका कार्यहरुको प्रगति, देखिएका प्रमुख समस्याहरु र समाधानका लागि भएका प्रयास एवं भावी कार्यक्रमको बारेमा प्रस्तुतीकरण गरिएको थियो ।

उक्त गोष्ठीका विशेष अतिथि राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. सुमित्रा अमात्यले स्थानीय निकायले आफ्नो काम कारवाही गर्दा दीर्घकालीन लक्ष्य र उद्देश्यका साथ दीगो विकास लक्ष्य (SDG) संग तालमेल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सो कार्यक्रममा मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय, मन्त्रालय अन्तर्गतका विभाग, जिल्ला प्रशासन कार्यालय कास्की, स्थानीय निकायसँग सम्बन्धित निकायका प्रतिनिधि लगायत संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो । यसका साथै सहभागीहरुका तर्फबाट उठाइएको जिज्ञाशाहरुको विषयमा मन्त्रालयका सह-सचिवहरु र विभागका महानिर्देशकहरुले नीतिगत व्यवस्था सहित आगामी दिनमा गर्नुपर्ने थप कार्यका सम्बन्धमा जानकारी गराउनु भयो ।

गोष्ठीका प्रमुख अतिथि माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूले नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय निकायहरुलाई पुनर्संरचना कार्यका लागि आवश्यक तयारी गर्न एवं संविधानको मर्म अनुरुप निकट भविष्यमै निर्वाचित हुने स्थानीय निकायका जनप्रतिनिधिहरुलाई व्यवस्थित रुपमा स्थानीय निकायको हस्तान्तरण गर्नका निमित्त तयार रहन सम्बन्धित सबैलाई निर्देशन दिनुभयो । यसै गरी सेवा प्रवाहको सबभन्दा नजिकको माध्यमको रुपमा रहेका स्थानीय निकायको कार्यशैली र व्यवहार सरकारको ऐनाको रुपमा चित्रित हुने भएकोले पारदर्शी रुपमा कार्यसम्पादन गर्न हौसला प्रदान गर्नुभयो । आगामी दुई आर्थिक वर्षभित्र स्थानीय सडक सञ्जालले नछोएका सबै गा.वि.स.मा सडक पुर्याउने गरी कार्यक्रम तर्जुमा गर्न, जनसहभागितामा आधारित कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्न तथा सेवा प्रवाह तथा वितरण कार्यलाई निश्पक्ष रुपमा अगाडि बढाउन निर्देशन दिनुभयो ।

उक्त अवसरमा मन्त्रालयका सचिव श्री माधव प्रसाद रेग्मीले जि.वि.स.हरुले स्वीकृत अनुगमन सूचकहरुको अधिनमा रही प्रत्येक आर्थिक वर्षमा कम्तिमा २५% गाविसहरुको सघन अनुगमन गरी प्रतिवेदन पठाउन, उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुमा पेश्की दिने प्रवृत्तिलाई क्रमश: निरूत्साहित गर्न निर्देशन दिनुभयो । यसैगरी वेरुजुलाई निरुत्साहित गर्न, Web Based Reporting System लाई अनिवार्य रुपमा अवलम्वन गर्दै आफ्नो काम कारवाहीलाई निश्पक्ष, पारदर्शी, बस्तुनिष्ट एवं यथार्थपरक बनाउन निर्देशन दिनुभयो ।

-------------------------------

**मधु सुदन बुर्लाकोटी**
सह-सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
मिति २०७२ माघ ५